# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २१ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. शहीद दिवसको अवसरमा त्रिणमूल कांग्रेसद्वाराकोलकताको धर्म तल्लामा एउटा विशाल रैलीको आयोजना गरेको छ।

२. विपक्षका नेता शुभेन्दु अधिकारीको नेतृत्वमा उत्तर बंगालमा भारतीय जनता पार्टीको 'उत्तरकन्या अभियान' सम्पन्न भएको छ|

३. एक प्रख्यात वामपन्थी विचारक र नक्सलबारी आन्दोलनका एक अग्रणी नेता अजिजुल हकको आज निधन भयो।

४. लगभग बाइस महिनापछि आजदेखि खरसांगको अम्बटे चियाबारी खोलिएको छ।

५. हत्याको आरोपमा प्रणेश राईलाई दार्जिलिंग जिल्ला न्यायलयले सश्रम आजीवन कारावासको सजाय सुनाएको छ|

**मुख्यमन्त्री ममता ब्यानार्जी**

शहीद दिवसको अवसरमा टीएमसीले कोलकताको धर्म तल्लामा एउटा विशाल रैलीको आयोजना आज गर्यो । यस र्यालीलाई सम्बोधन गर्दै मुख्यमन्त्री ममता ब्यानार्जीले पश्चिम बंगालले देशका सबै भाषाहरुलाई सम्मान गर्दछ भन्नु भयो। उहाँले देशको स्वतन्त्रता संग्राममा बांगला र बंगालीहरूको त्याग र बलिदानलाई कसैले नकार्न अनि भूल्न नसकिने बताउनु भयो। उहाँले भाजपाको केन्द्र सरकारमाथि तीखो हामला गर्दै पश्चिम बंगालका मानिसहरूले दोहोरो इजिनको सरकारलाई कहिलै स्वीकार गर्दैनन् भन्नु भयो।

बाइट

**अभिषेक ब्यानर्जी**

तृणमूल कंग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले आज धर्मतलाको शहीद मञ्चबाट भाजपामाथि प्रहार गर्नु भयो। उहाँले भन्नु भयो, तृणमूल कंग्रेस जस्तो समर्पित कार्यकर्ता भाजपासित एकजना पनि छैन। यो पार्टी आगामी सय वर्षसम्म पनि सत्तामा आउन सक्नेछैन। उहाँले मञ्चबाट स्पष्ट पार्नु भयो, आगामी वर्ष 2026-पछि बंगालबाट कमल (भाजपाको चुनाउ चिन्ह)-लाई उखालेर फाल्नेछौं।श्री अभिषेकले भन्नु भयो, हामी बंगली भाषामा बातचित गर्छौं, गरिरहनेछौं र गर्वले गर्नेछौं। सय पटक भन्ने आवश्यकता परे पनि भन्नेछौं। आगामी वर्ष 2026-पछि भाजपाले पनि ‘जय बंगला’ भन्नुपर्छ, यसलाई लेखेर राख्नुहोस्। केन्द्र सरकारका नीतिहरूमाथि प्रहार गर्दै उहाँले भनु भयो, भाजपा बंगालका मानिसहरूलाई डिटेन्शन क्याम्पमा पठाउन चाहन्छ। तर आगामी वर्ष 2026-पछि हामी भाजपालाई नै पठाइदिनेछौं। बंगालमा उनीहरूले कुनै ठाउँ पाउने छैनन्।

**शहीद दिवस ऱ्यालीमा चारजना नेताहरू बिमार**

कोलकाताको धर्मतलामा आयोजित तृणमूल कंग्रेसको शहीद दिवस ऱ्याली भइरहँदा पार्टीका चारजना प्रमुख नेताहरू अचानक बिमार भए। प्रचण्ड गर्मीको कारणले सांसद शत्रुघ्न सिन्हा, कीर्ति आजाद, सांसद शताब्दी राय र विधायक मदन मित्रालाई मञ्चबाट उतारेर तुरून्त अस्पतालमा लगियो। डाक्टरहरूको निगरानीमा प्राथमिक उपचारपछि शत्रुघ्न सिन्हा, कीर्ति आजाद र शताब्दी रायलाई छुट्टी दिइयो भने मदन मित्रालाई

अस्पतालमै भर्ती गरिएको छ। डाक्टरहरूले बताए, यी नेताहरूको स्वास्थ्य अत्यधिक गर्मी र बाफिएको कारणले बिग्रिएको हो। यस वर्ष मौसमले र्‍यालीलाई कठिन बनाइदियो। सूत्र अनुसार शत्रुघ्न सिन्हा, शताब्दी राय एवं कीर्ति आजाद उपचारपछि आफै वाहनहरूको माध्यमबाट फर्किए भने मदन मित्रा अहिले पनि डाक्टरहरूको निगरानीमा छन्। मुख्यमन्त्री ममता ब्यनर्जीले अस्पतालमा भर्ती भएका पार्टी नेताहरूको स्वास्थ्य स्थितिबारे जानकारी लिँदै शीघ्र स्वास्थ्य लाभको कामना गर्नु भएको छ।

**शुभेन्दु अधिकारी – शहीद**

पश्चिम बंगालका नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले तृणमूल कंग्रेसको शहीद स्मरण सभालाई लिएर कटाक्ष गर्नु भएको छ। आज बिहान कोलकाताबाट प्रस्थान हुनपूर्व उहाँले भन्नु भयो, यो कुनै सभा होइन, पगलु डान्स हो। भाजपासहित अन्य विपक्षी दलहरूको आरोप छ, तृणमूल कंग्रेसको यो सभा एक राजनीतिक कार्यक्रम बन्न पुगेको छ जसको शहीद परिवारहरूप्रति सम्वेदना र समर्थनसित कुनै सरोकार छैन। आज श्री शुभेन्दु अधिकारीले उत्तर बंगालतर्फ प्रस्थान हुनअघि पत्रकारहरूसित बातचित गर्दै दोहोर्‍याए, 21 जुलाईको यो र्‍याली एउटा देखावटी मात्र हो।

**भाजपा उत्तरकन्या अभियान**

एकातिर दक्षिण बंगालको धर्मतलामा तृणमूल कंग्रेसको शहीद दिवस सभा त अर्कोतिर उत्तर बंगालमा भारतीय जनता पार्टी (भाजपा)-को 'उत्तरकन्या अभियान'-को कारण राज्यको राजनीति आज पूर्ण रूपले गर्मिएको छ। विपक्षका नेता शुभेन्दु अधिकारीको नेतृत्वमा यो अभियान सिलगढ़ीदेखि शुरू भयो जसमा पार्टीका सांसद अनि विधायकहरू पनि सामेल भए। श्री शुभेन्दु अधिकारीले र्‍यालीपूर्व भन्नु भयो, भाजपाको संस्कृति सदैव शान्तिपूर्ण आन्दोलन रहिआएको छ र उत्तरकन्या अभियान पनि सोही परम्पराको अंग हो। उहाँले आरोप लगाउनु भयो, बंगाल पुलिसले उनलाई सभा गर्ने अनुमति दिएको थिएन, तर कलकत्ता उच्च न्यायलयबाट अनुमति पाएपछि यो र्‍याली सम्भव हुन सक्यो। उहाँले भन्नु भयो, "बंगालको पुलिस जनताको होइन, तृणमूलको कठपुतली बनिसकेको छ।"

यस र्‍यालीलाई लिएर प्रशासनले पहिला नै असहमत व्यक्त गरेको थियो, तर भाजपाले अदालतको शरण लिएपछि उच्च न्यायलयले सशर्त र्‍याली गर्ने अनुमति दियो। न्यायलयको निर्देशानुसार यो मार्च तीनबत्ती मोड़देखि शुरू भएको थियो| यस र्‍यालीमा ठूलो संख्यामा भाजपा युवा मोर्चा अनि सम्बन्धित संगठनका कार्यकर्ताहरू सामेल भएका छन्|

**अजिजुल हकको निधन**

एक प्रख्यात वामपन्थी विचारक र नक्सलबारी आन्दोलनका एक अग्रणी नेता अजिजुल हकको आज निधन भयो। उहाँ केही समयदेखि उमेरसँग सम्बन्धित रोगबाट पीडित थिए। हालै, उहाँको स्वास्थ्य बिग्रिएपछि, उहाँलाई विधाननगरको एक निजी अस्पतालमा भर्ना गरिएको थियो, जहाँ उहाँले आज दिउँसो २:३० बजे अन्तिम सास फेर्नु भयो। डाक्टरहरूका अनुसार, उहाँलाई गम्भीर रक्त संक्रमण भएको थियो र भेन्टिलेटर समर्थनमा राखिएको थियो। अजिजुल हक बीसौं शताब्दीको साठीको दशकदेखि वामपन्थी राजनीतिमा आबद्ध थिए। उहाँलाई नक्सलवादी आन्दोलनका दुई दिग्गज नेताहरू - कानु सन्याल र चारु मजुमदारको नजिकको सहयोगी मानिन्थ्यो। उहाँले कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को दोस्रो केन्द्रीय समितिको प्रमुखको रूपमा पनि काम गर्नु भयो। १९७८ मा चारु मजुमदारको मृत्युपछि, अजिजुल हकले निशित भट्टाचार्यसँगै सीपीआई (एमएल) को दोस्रो केन्द्रीय समितिको कमान सम्हाल्नु भएको थियो।

**अम्बटे चियाबारी**

१९ अगस्त २०२२ मा दशैंको मुखैमा बन्द भएको अम्बटे चियाबारी प्रायः बाइस महिनापछि आजदेखि खोलिएको छ। वर्तमान जीवन शर्माको अधीनमा खोलिएको यस चियाबारीमा आज श्रमिकहरूको सङ्ख्या भने केही कम्ती रहेको थियो।

**हत्याको आरोपमा आजीवन कारावास**

साईनोले माइजु पर्ने चित्रकला गुरूङको हत्या गरेको आरोपमा प्रणेश राईलाई दार्जिलिंग जिल्ला न्यायलयले सश्रम आजीवन कारावासको सजाय सुनाएको छ| अभियुक्त प्रणेश राई पुलबजार थानाअन्तर्गत लिजाहिल चियाबारीवासी हुन् भने

दिवङ्गत चित्रकला गुरुङ लोवर रेलिङ निवासी थिए। चोरी अनि हत्यासँग जोडिएको पछिल्लो २०२२ सालको उक्त घटनाबारे चलिरहेको आज अन्तिम सुनवाइअवधि यस्तो प्रकारको निर्णय सुनाइएको पीपी प्रणय राईले जानकारी गराउनु भएको छ। यता जिल्ला अदालतको यस निर्णयलाई स्वागत जनाउँदै पीडित पक्षले न्यायालय अनि पुलिस प्रशासनसमक्ष आभार प्रकट गरेका छन्।

**<u>नेहुर बालासनमा उप स्वास्थ्य केन्द्रको उदघाटन</u>**

टुंग सन्त मेरिज समष्टिको नेहुर बालासनमा उप स्वास्थ्य केन्द्रको उदघाटन क्षेत्रीय सभासद नुरी शेर्पा र सुखे पोखरी खण्ड स्वास्थ्य अधिकारी डाक्टर बुद्धदेव विश्वासको बाहुलीबाट गरिएको छ। यस सुस्वास्थ्य केन्द्रको उदघाटन विषयमा पत्रकारहरुसित कुराकानी गर्दै क्षेत्रीय सभासद नुरी शेर्पाले यस क्षेत्रमा सुस्वास्थ्य केन्द्रको निर्माण गरिदिएकोमा धन्यवाद दिनु नभएको छ। उहाँले यो सुस्वास्थ्य केन्द्र यस क्षेत्रको मानिसहरुका लागि ठूलो उपलब्धि नै हो भनी बताउनु हुँदै यसको संरक्षण गर्नु स्थानीयहरुको दायित्व हो भनी बताउनु भएको छ। सभासद श्री शेर्पाले स्थानीयहरुले यस सुस्वास्थ्य केन्द्रबाट लाभ उठाउन आवश्यक रहेको पनि बताउनु भएको छ।

***********